# गुर्भाकोट नगरपालिका

☎ ९८५८०६५१११

# नगर कार्यपालिकाको कार्यालय

शुभाकोट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल


प.सं. : २०८०/०८१

च.नं. ३००४

मिति: २०८१/०२/१६

ने. सं. ११४४ बछलागा षष्ठी

श्री वडा कार्यालय, सबै ।

विषय: वडा स्तरिय योजना तर्जुमा सम्बन्धमा ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार हरेक स्थानीय तहले योजना निर्माण गर्दा देहायका विषयहरुलाई प्राथमिकता दिई बनाउनुपर्ने उल्लेख छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम योजना तथा बजेट तर्जुमाका ७ चरणहरुको विषयमा अवगत नै छ । उल्लेखित चरणहरुको कार्यान्वयन सम्बन्धमा वस्ती/टोल स्तरबाट योजना छनोट र वडा स्तरिय योजना प्राथमिकता निर्धारण गर्ने सम्बन्धमा सोही कार्यविधिको अनुसूची ११, अनुसूची २३क, अनुसूची २३ख र अनुसूची २४ बमोजिम वस्ती/ टोल स्तरबाट योजना तर्जुमा तथा छनोट प्रक्रिया अगाडि बढाउनहुन अनुरोध छ ।

**प्राथमिकताका आधार**

क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

ख. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग. जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने ।

घ. स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।

ङ. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने ।

च. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

छ. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने ।

झ. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।

२०८१/०२/१६

पूर्ण बहादुर खत्री

प्रमुख प्रशासकीय अधिकृत




CamScanner